काँक्रेविहार

Kankrebihar National Daily

कर्णाली प्रदेशको पहिलो दैनिक

राष्ट्रिय दैनिक

प्रतिनिधिसभा निर्वाचन-२०८२



३ दिन बाँकी

❐ वर्ष : २५ ❐ अंक : १३९ ❐ सोमवार, १८ फागुन, २०८२ ❐ Monday, 2 Mar. 2026 ❐ नेपाल संवत ११४६ ❐ पृष्ठ : ४ ❐ मूल्य : रू. १०

देशभर मतपत्र र निर्वाचन सामग्री ढुवानी सम्पन्न :

निर्वाचन आचारसंहिता उल्लंघनसम्बन्धी एक हजार ६१ वटा उजुरी फछ्र्यौट

❐ काँक्रेविहार संवाददाता

सुर्खेत, १७ फागुन

देशभर मतपत्र र निर्वाचन सामग्री ढुवानी कार्य सम्पन्न भएको छ । भने निर्वाचन आचारसंहिता उल्लंघन सम्बन्धि निर्वाचन आयोगमा परेका उजुरीमध्ये एक हजार ६१ वटा उजुरी फछ्र्यौट भएका छन् ।

प्रतिनिधि सभा सदस्य निर्वाचनका लागि निर्वाचन आयोगले मतपत्र तथा आवश्यक निर्वाचन सामग्री सातै प्रदेशका सबै जिल्लामा पुर्‍याएको हो । आयोगका सहसचिव एवम् प्रवक्ता नारायण प्रसाद भट्टराईका अनुसार मतपत्र सहित प्रदेश र जिल्ला कार्यालयबाट खरिद गरिएका बाहेकका सामग्री आयोगले पठाएको छ । यही फागुन २१ गते हुने निर्वाचनका लागि आयोगले १० लाख ९८ हजार २०० नमूना मतपत्र छपाइ गरेको थियो । भने समानुपातिक निर्वाचन प्रणालीतर्फ दुई करोड आठ ३० हजार मतपत्र छपाइ सम्पन्नपछि जिल्लामा पठाइएको छ ।

यस्तै प्रत्यक्ष निर्वाचन प्रणालीतर्फका लागि दुई करोड तीन लाख २३ हजार मतपत्र छपाइपछि वितरण गरिएको छ । प्रतिनिधि सभा सदस्य निर्वाचन, २०८२ को सम्पूर्ण तयारी अन्तिम चरणमा पुगेको आयेगका प्रवक्ता भट्टराईले जानकारी दिए । उनका अनुसार मतदाता शिक्षा कार्यक्रम ७५३ स्थानीय तहका ६ हजार ७४३ वडामा स्वयमसेवक परिचालन गरी मतदाता शिक्षा प्रदान गर्ने कार्य जारी छ । मतदान केन्द्रमा खटिएका कर्मचारी तथा सुरक्षाकर्मी मतदान केन्द्रतर्फ प्रस्थान गर्न थालेका छन् ।

मतदान केन्द्र रहेका विद्यालय, स्वास्थ्य संस्था, वडा कार्यालयलगायतका भौतिक संरचना मतदान कार्यमा उपयोग गर्नका लागि उपलब्ध गराईदिन नेपाल सरकार र सम्बन्धित स्थानीय तहलाई अनुरोध गरिसकिएको छ । निर्वाचन सुरक्षा, अत्यावश्यक सेवाको सञ्चालन र सहजीकरण, निर्वाचन र मतदान प्रक्रियामा समन्वय र व्यवस्थापनका क्षेत्रमा आवश्यक निर्णय आयोगबाट भइसकेको उनले बताए । साथै जिल्ला आचारसंहिता अनुमगन समिति र अनुगमन अधिकृतसमक्ष कूल एक हजारर ७६ वटा उजुरी परेकोमा एक हजार ६१ वटा (९९%) फछ्र्यौट भएको उनले जानकारी दिए । जसमा प्रदेशगत रुपमा हेर्दा सबैभन्दा धेरै लुम्बिनी प्रदेशमा २४४ वटा उजुरी परेका छन्, भने सबैभन्दा कम सुदूरपश्चिम प्रदेशमा ९६ उजुरी परेका छन् । प्राप्त उजुरीमध्ये ९७ वटा (९%) लिखित र ९७९ ओटा (९१%) टेलिफोन, एसएमएसलगायत अन्य स्रोतबाट प्राप्त भएका थिए । प्राप्त उजुरीमध्ये सबैभन्दा धेरै तोकिएको आकारभन्दा ठूला तुल ब्यानर र झण्डा प्रयोग गरेको, सामाजिक सञ्जालको दुरुपयोग गरेको, डिजे माइक बजाएर ध्वनि प्रदुषण गरेको, शिक्षक तथा कर्मचारीहरू र स्थानीय जनप्रतिनिधिहरू प्रचारप्रसारमा हिँडेको, सार्वजनिक स्थान र सवारीसाधनमा झण्डा टाँगेको, अनुमति नलिएका सवारी साधन प्रयोग गरेको लगायतका छन् । आयोगबाट सोधिएका स्पष्टीकरणमध्ये राजनीतिक दलहरूलाई सोधिएका स्पष्टीकरणको संख्या चार र उम्मेदवारलाई सोधिएको स्पष्टीकरणको संख्या ३३ रहेको छ । त्यस बाहेक सरकारी/शैक्षिक संस्था/कर्मचारी तथा अन्य व्यक्तिलाई ५१ वटा स्पष्टीकरण सोधिएको छ । प्रदेशगत रुपमा कोशी प्रदेशमा आठ, मधेश प्रदेशमा १३. बागमती प्रदेशमा ४०, गण्डकी प्रदेशमा ६, लुम्बिनी प्रदेशमा सात, कर्णाली प्रदेशमा चार र सुदूरपश्चिम प्रदेशमा चार वटा रहेका छन् । आचारसंहिताको प्रभावकारी परिपालना गराई उल्लङ्घनका घटनालाई न्यूनीकरण गर्न आयोगले प्राप्त उजुरीमा आवश्यक जाँचबुझ र कारवाहीका प्रक्रिया चालेको छ । जसअन्तर्गत आयोगबाट सम्बन्धित राजनीतिक दल, उम्मेदवार तथा निकायबाट स्पष्टीकरण समेत लिई सोउपर जाँचबुझकार्य जारी छ ।



मतदाता शिक्षा कार्यक्रम प्रभावकारी

आम नागरिकलाई मताधिकारको महत्व र मतदानको प्रक्रियाका विषयमा जानकारी दिने उद्देश्यले आयोगबाट स्वीकृत कार्यक्रम अनुसार यही फागुन ३ देखि १७ गतेसम्म देशभरका ७५३ स्थानीय तहका ६ हजा ७४३ वडाहरूमा एक-एक जना मतदाता शिक्षा स्वयंसेवक परिचालित छन् ।

यसरी खटिएका मतदाता शिक्षा स्वयंसेवकहरूबाट आम मतदाताको वस्ती र घरदैलोमा पुगेर नमूना मतपत्रको माध्यमबाट निर्वाचनको महत्व र मतदान प्रक्रियाबारे मतदातालाई जानकारी गराउने कार्य भइरहेको छ । मतदाता शिक्षा स्वयंसेवकहरूले सम्पादन गरेका कार्यको अनुगमनका लागि सम्बन्धित स्थानीय तहका निर्वाचन सम्पर्क व्यक्तिलाई अनुगमनकर्ता तोकी निजहरूबाट अनुगमन तथा सहजीकरण गर्ने कार्य भइरहेको आयोगले जनाएको छ ।

आयोगका अनुसार निर्वाचनका लागि देशभर एक लाख ८६ हजार ७४ अस्थायी मतदाता कायम भएका छन् । अस्थायी मतदाताले मतदान गर्ने गरी देशभर जम्मा १४३ अस्थायी मतदान केन्द्र निर्धारण गरिएका छन् । आम मतदाता तथा सरोकारवालाको निर्वाचनसँग सम्बन्धित जिज्ञासा सम्बोधनका लागि आयोगले माघ ५ गतेदेखि सञ्चालनमा ल्याएको कल सेन्टरमा फागुन १४ गतेसम्म टेलिफोन र भ्वाइस मेलसमेत गरी चार हजार ३८ वटा जिज्ञासा तथा प्रश्नहरू प्राप्त गरेको छ ।

प्राप्त जिज्ञासामध्ये मतदाता नामावलीसँग सम्बन्धित एक हजार ९५८ निर्वाचन आचारसंहितासँग सम्बन्धित ३८६ मतदाता शिक्षा सम्बन्धित १५७ र अन्य एक दशमलब १११ रहेका छन् । कूल जिज्ञासामा ४२६ भ्वाइस मेल रहेको आयोगले जनाएको छ ।

हालसम्म ४७० वटा सामग्री उत्पादन गरेर आयोगबाट स्वीकृत गराई आयोगको आधिकारिक फेसबुक पेज, एक्स, टिकटक र युट्युबमा राखेको छ । विद्युतीय माध्यमबाट मतदाता शिक्षा प्रदान गर्ने उद्देश्यले निर्वाचन सूचना सम्प्रेषण तथा समन्वय केन्द्र अन्तर्गत स्थापना गरिएको मतदाता शिक्षा इकाईले सामाग्री तयार पारेको हो ।

मतदाता, राजनीतिक दल, उम्मेदवार तथा सरोकारवाला लक्षित यस्ता सचेतना सामग्रीले निर्वाचनको स्वच्छता बढाउने र नागरिकलाई आधिकारिक तथा विश्वसनीय सूचना प्राप्त हुने र मिथ्या तथा भ्रमपूर्ण सूचनाको प्रभाव न्यूनीकरणमा सहयोग पुग्ने विश्वास आयोगले लिएको छ । यस्ता सामग्रीले डिजिटल प्लेटफर्मबाट समेत मतदाता शिक्षा कार्यक्रम प्रवर्धन गर्नुका साथै आम मतदाताले आधिकारिक सूचना पाउने अपेक्षा आयोगले गरेको छ ।

मतदाता शिक्षा कार्यक्रम प्रवर्धनका लागि आयोगले उत्पादन गरेका संवादमूलक भिडियो सन्देश, गीति सन्देश, लघु भिडियो तथा जिंगलहरू प्रकाशन एवम् प्रसारण गरिरहेको छ । यस्ता सामग्री आयोगका आधिकारिक डिजिटल प्लेटफर्मवाद प्रसारण भइरहेका छन् ।

उम्मेदवारले निर्देशन टेरेनन्

निर्वाचनमा राजनीतिक दल र उम्मेदवार हरूले लिने आर्थिक सहायताको पारदर्शिता र निर्वाचन कानुनले तोकेको खर्चको सीमाको पालना तथा प्रभावकारी निगरानीका लागि बैंक खाता (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०८२ स्वीकृत भई कार्यान्वयनमा रहेको छ ।

तर उम्मेदवारले निर्देशन टेरेका छैनन् । अद्यावधिक विवरण अनुसार ११ राजनीतिक दल र एक ६७० उम्मेदवारले बैंक खाता खोली सोको जानकारी सम्बन्धित निर्वाचन कार्यालयहरूमा दिएका छन् ।

स्वीकृत कार्यविधि अनुसार प्रतिनिधि सभा सदस्य निर्वाचन, २०८२ मा भाग लिने प्रयोजनका लागि उम्मेदवारी दिएका सबै राजनीतिक दल, दलका उम्मेदवारहरू र स्वतन्त्र उम्मेदवारहरूले कार्यविधि अनुसार निर्वाचन प्रचारप्रसारका लागि आर्थिक सहयोग लिई गर्ने आम्दानी र खर्च सोही खातामार्फत हुने व्यवस्था गरिएको छ । तर अधिकांश उम्मेदवारहरुले यो निर्देशन पालना गरेका छैनन् ।

राजनीतिक दल तथा उम्मेदवारले घोषणापत्र सार्वजनिक गर्ने र आयोग तथा सम्बन्धित निर्वाचन कार्यालयमा पेस गर्ने व्यवस्था, निर्वाचन आचारसंहिता, २०८२ को दफा ३७ ले गरेको छ । आचारसंहिताको व्यवस्था बमोजिम घोषणापत्र सार्वजनिक गरी तोकिएका निकायमा पेस गर्न निर्वाचन आयोगले निर्देशन समेत दिएको थियो । तर हालसम्म जम्मा ४३ वटा राजनीतिक दलहरूले घोषणापत्र सार्वजनिक गरी सोको जानकारी आयोगमा पठाएका छन् ।

खाडी मुलुक जानेको श्रम स्वीकृति रोकियो

❐ काँक्रेविहार संवाददाता

काठमाडौं, १७ फागुन

मध्यपूर्वमा तनाव बढेसँगै सरकारले खाडी मुलुक जाने नेपाली कामदारका लागि श्रम स्वीकृति दिन तत्कालका लागि स्थगित गरेको छ ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री राजेन्द्रसिंह भण्डारीले मध्यपूर्वमा उत्पन्न पछिल्लो विषम परिस्थितिका कारण जोखिम बढेकाले ती देशहरूमा वैदेशिक रोजगारीमा जाने श्रमिकलाई दिइने श्रम स्वीकृति हाललाई स्थगित गरिएको जानकारी दिए । यसअघि वैदेशिक रोजगार विभागले नियमित रूपमा श्रम स्वीकृति प्रदान गर्दै आएको थियो ।

यसैबिच आइतबार नै परराष्ट्र मन्त्रालयले एक विशेष पत्रकार सम्मेलनको आयोजना गरी मध्यपूर्वको वर्तमान अवस्था, त्यहाँ रहेका नेपालीहरूको तथ्याङ्क र सम्भावित जोखिम न्यूनीकरणका लागि सरकारले गरिरहेको तयारीबारे विस्तृत जानकारी गराएको छ ।

परराष्ट्र मन्त्रालयका मध्य एसिया, पश्चिम एसिया र अफ्रिका महाशाखा प्रमुख (सहसचिव) रामकाजी खड्काले दिएको जानकारी अनुसार हाल मध्यपूर्वका विभिन्न देशमा गरी करिब १७ लाख २९ हजार २ सय ८८ जना नेपाली नागरिकहरू रहेका छन् ।

परराष्ट्र मन्त्रालयका प्रवक्ता लोकबहादुर क्षेत्रीले मन्त्रालयले यसअघि नै ट्राभल एड्भाइजरी जारी गरिसकेको र सम्बन्धित दूतावासमार्फत नेपालीहरूलाई सुरक्षित रहन र अत्यावश्यक कामबाहेक बाहिर ननिस्कन आग्रह गरिसकिएको जानकारी दिए । राजदूत र नियोग प्रमुखहरूसँग निरन्तर समन्वय गर्न ह्वाट्सएप ग्रुप बनाएर चौबीसै घण्टा अपडेट लिने काम भइरहेको पनि मन्त्रालयले जनाएको छ ।

पत्रकार सम्मेलनमा मन्त्रालयका सहसचिव कृष्णप्रसाद ढकालले नेपाली नागरिकहरूको सुरक्षा सरकारको उच्च प्राथमिकतामा रहेको दोहोऱ्याए ।' सरकारले हरेक अवस्थाको नजिकबाट मूल्यांकन गरिरहेको छ ।

आपतकालीन अवस्था आइपरेमा उद्धार गर्न संयन्त्रहरू तयार राखिएको छ,' ढकालले भने, 'यस्तो बेलामा सामाजिक सञ्जालमा आउने अप्रमाणित र भ्रामक सूचनाको पछि नलाग्न, नआत्तिन र सम्बन्धित दूतावास वा मन्त्रालयले जारी गरेका आधिकारिक सूचनामा मात्र विश्वास गर्न म स्वदेश तथा विदेशमा रहनुभएका सम्पूर्ण नेपाली दाजुभाइ दिदीबहिनीहरूलाई आग्रह गर्दछु ।'

सरकारले अत्यावश्यक नपरी हाललाई ती देशहरूको भ्रमण नगर्नसमेत नेपाली नागरिकहरूलाई आग्रह गरेको छ ।

निर्वाचनपछि एमालेले बहुमतसहितको सरकार बनाउने सचिव कंडेलको दावी



❐ काँक्रेबिहार संवाददाता

सुर्खेत, १७ फागुन

नेकपा एमालेका सचिव यामलाल कँडेलले देशकै सर्वाधिक लोकप्रिय पार्टी भएको दाबी गर्दै आसन्न निर्वाचनमा बहुमतसहितको सरकार बनाउने उद्घोष गरेका छन् । आइतबार एमाले सुर्खेतले आयोजना गरेका चुनावीसभालाई सम्बोधन गर्दै उनले एमालेप्रति जनता सचेत र संगठित रहेकाले २१ फागुनको निर्वाचनको विजय यात्रा कसैले रोक्न नसक्ने दाबी गरे ।

पछिल्लो समय विकसित राजनीतिक घटनाक्रम र जेन-जी आन्दोलनप्रति टिप्पणी गर्दै उनले भने, 'यो चुनाव आजै गर्नुपर्छ भन्ने पक्षमा एमाले थिएन । आफूलाई नयाँ भन्नेहरूले अनेक हत्कण्डा अपनाएर अहिलेको परिस्थिति सिर्जना गरे ।' उनले गत भदौमा भएको आन्दोलनमा ध्वंस मच्चाउनेहरूलाई समयले दण्ड दिने उनले बताए । उनले नेपाली समाजलाई विखण्डन गर्न जात, धर्म, क्षेत्र, सम्प्रदाय र पुस्ताको कार्ड खेलिएको आरोप समेत लगाए । 'राजनीति भेल होइन, यो बदल्न नीति, विचार र विश्वसनीयता चाहिन्छ । अर्कालाई सरापेर मात्र देश विकास हुँदैन,' उनले भने । एमालेप्रति चौतर्फी हमला हुँदा पनि देशको राष्ट्रिय हितमा एक्लै उभिने पार्टी एमाले रहेको उनको तर्क थियो । एमाले सरकारमा रहँदा गरिएका कामहरूको फेहरिस्त प्रस्तुत गर्दै उनले एमालेकै अडानका कारण देशले अब कहिल्यै नाकाबन्दी भोग्नु नपर्ने दावी गरे ।

नयाँका नाममा व्यवस्था र संविधानमाथि भइरहेको प्रहारलाई एमालेले डटेर सामना गरिरहेको उनको भनाई छ । एमाले एक्लै चुनाव लड्न सक्षम रहेको स्मरण गराउँदै उनले आगामी निर्वाचनमा सूर्य चिह्नमा मतदान गर्न आग्रह गरे । 'हामी कमजोर भएर सहकार्यको हात अगाडि बढाएका होइनौं । तर संविधान र गणतन्त्र विरोधी शक्तिहरू सलबलाइरहेको बेला लोकतन्त्रवादीहरू एकजुट हुन आवश्यक छ,' उनले थपे ।

देश अहिले कठिन मोडमा रहेको उल्लेख गर्दै उनले लोकतन्त्र र गणतन्त्र जोगाउन सबै परिवर्तनकारी शक्तिहरूलाई एकताबद्ध हुन आह्वानसमेत गरे 'प्रतिस्पर्धा आफ्नै ठाउँमा छ, तर संविधान र व्यवस्थामाथि औंला ठड्याउने शक्तिका विरुद्ध एक हुन चुकियो भने भोलि पछुताउनुको विकल्प रहने छैन,' उनले भने । राष्ट्रिय स्वतन्त्र पार्टीका वरिष्ठ नेता बालेन शाहलाई लक्षित गर्दै उनले जिम्मेवारी पूरा नगरी प्रधानमन्त्रीको सपना देख्नेहरूलाई जनताले यसपटक सबक सिकाउने दाबी गरे ।

पश्चिम एसियाका नेपाली कामदारलाई नियमित सम्पर्कमा रहन आग्रह

❐ काँक्रेबिहार संवाददाता

काठमाडौं, १७ फागुन

नेपाली काग्रेसको शुभेच्छुक संस्था नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसनले पश्चिम एसिया क्षेत्रमा आफूले पठाएका कामदारलाई नियमित सम्पर्कमा रहन आग्रह गरेको छ ।

एसोसियसनका केन्द्रीय अध्यक्ष दीपक थापाले आइतबार एक विज्ञप्ति जारी गरी पश्चिम एसिया क्षेत्रमा विकसित पछिल्लो सुरक्षा परिस्थितिप्रति गम्भीर ध्यानाकर्षण भएको बताउँदै आफूले पठाएका कामदारलाई नियमित सम्पर्कमा रहन आग्रह गरे । उनले पश्चिम एसिया क्षेत्रमा बसोबास गर्ने एवं त्यहाँ कार्यरत सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीलाई उच्च सतर्कता अपनाउन, सम्बन्धित देशका स्थानीय प्रशासनद्वारा जारी सुरक्षा निर्देशिकाको पूर्ण रूपमा पालना गर्न अनुरोध गरे ।

एसोसिएसनले नेपाल सरकार तथा विदेशस्थित नेपाली दूतावास, कूटनीतिक नियोगलाई आफ्ना नागरिकको सुरक्षाका लागि आवश्यक समन्वय गर्न, नियमित सूचना प्रवाह गर्न तथा आपत्कालीन संयन्त्र प्रभावकारी रूपमा सञ्चालन गर्न आग्रह गरेको छ ।अध्यक्ष थापाले नेपाली नागरिकको जीवन र सुरक्षाको संरक्षण सर्वोपरि भएकाले नेपालस्थित सम्पूर्ण इजाजत प्राप्त संस्था, सम्बन्धित रोजगारदाता कम्पनीसँग निरन्तर समन्वय र सहकार्य गरी आफ्ना कामदारको अवस्थाबारे नियमित जानकारी लिन पनि अनुरोध गरे ।

पहाडी जिल्लामा होली मनाइँदै

❐ काँक्रेबिहार संवाददाता

काठमाडौं, १७ फागुन

आज फागु पूर्णिमा, अर्थात् पहाडी जिल्लामा हर्षोल्लासका साथ रङ्गहरूको पर्व होली मनाइँदै छ । असत्यमाथि सत्यको विजयको प्रतिक, पारिवारिक एवं सामाजिक एकताको पर्वका रुपमा पनि यो पर्व मनाउने प्रचलन छ ।

होली एक आपसमा विभिन्न रङ्ग तथा अबीर लगाएर मनाउने चलन छ । त्रेता युगमा दैत्यराज हिरण्यकश्यपुले विष्णुभक्त आफ्ना पुत्र प्रह्लादलाई मार्ने उद्देश्यले ब्रह्माबाट आगोले छुन नसक्ने वरदान पाएकी आफ्नी बहिनी होलिकालाई प्रह्लादका साथ दन्किरहेको आगोमा पस्न लगाउँदा होलिका आफैं भष्म भएकी तर भक्त प्रह्लादलाई आगोले छुन नसकेको कथा यो पर्वसँग जोडिएको छ ।

सम्पादकीय

सुरक्षा व्यवस्थापनमा ध्यान देऊ

यही फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचनका लागि अब तीन दिनमात्रै बाँकी छन् । कर्णाली प्रदेशका १२ निर्वाचन क्षेत्रबाट १३२ जना उम्मेदवार चुनावी मैदानमा छन् । प्रतिस्पर्धा तीव्र छ, अपेक्षा उच्च छन्, र चुनौतीहरु पनि कम छैनन् । यस पटकको निर्वाचन केवल संवैधानिक अभ्यास मात्र रहेन, लोकतान्त्रिक विश्वसनीयताको परीक्षा समेत हो । यस्तो अवस्थामा निर्वाचनलाई शान्तिपूर्ण, भयरहित र विश्वसनीय बनाउन सुरक्षा व्यवस्थापन सर्वाधिक संवेदनशील पक्ष बन्न पुगेको छ । नेपाल प्रहरीले सुरक्षा रणनीति तयार गरी आवश्यक जनशक्ति परिचालन गरिसकेको जनाएको छ । कर्णाली प्रदेश प्रहरी कार्यालयका अनुसार मतदान केन्द्रको संवेदनशीलता मूल्यांकनका आधारमा सुरक्षाकर्मी खटाइएको छ । सीमावर्ती क्षेत्र र विगतमा विवाद देखिएका स्थानमा विशेष निगरानी बढाइएको छ । करिब १४ हजार ७१९ जना प्रहरी जनशक्ति निर्वाचनमा खटिने तथ्यांक आफैंमा सुरक्षा संवेदनशीलताको संकेत हो ।

निर्वाचनलाई 'भयरहित र शान्तिपूर्ण' बनाउन प्रदेश प्रहरी प्रमुख (डीआईजी) जयराज सापकोटा स्वयं मैदानमा उत्रनु सकारात्मक संकेत हो । सुर्खेतलगायत विभिन्न जिल्लामा स्थलगत अनुगमन, जनशक्ति र भौतिक पूर्वाधारको मूल्यांकन, तथा अनुशासन र निष्पक्षतामा जोड दिइएको छ । तर सुरक्षा रणनीति कागजमा मात्र सीमित भए निर्वाचन प्रक्रिया कमजोर हुन्छ । त्यसैले यसको प्रभावकारिताका लागि कार्यान्वयन पक्ष बलियो बनाउनुपर्छ । कर्णालीमा ९४१ मतदानस्थल र १ हजार ४३७ मतदान केन्द्र छन् । तीमध्ये ३५१ मतदानस्थलका ४४१ मतदान केन्द्रलाई अति संवेदनशील सूचीमा राखिएको छ भने सयौं केन्द्र संवेदनशील श्रेणीमा छन् । यो वर्गीकरणले प्रदेशको सुरक्षा चुनौती स्पष्ट देखाउँछ । हिमाली तथा दुर्गम जिल्लामा भौगोलिक कठिनाइ, विगतका विवाद, राजनीतिक प्रतिस्पर्धा र सीमित पहुँचजस्ता कारणले जोखिम उच्च छ । विशेषगरी मुगु, हुम्ला र डोल्पा जस्ता जिल्लामा निर्वाचन सामग्री ढुवानीका लागि हेलिकप्टर प्रयोग गर्नुपर्ने अवस्था छ । माथिल्लो डोल्पाका शे-फोक्सुण्डो, छार्का ताङ्सोङ र डोल्पोबुद्ध क्षेत्रमा सडक पहुँच नहुँदा मतपेटिका ओसारपोसार हेलिकप्टरकै भर पर्नु विडम्बना हो । यस्तो अवस्थामा सुरक्षा केवल जनशक्ति परिचालनको विषय मात्र होइन, पूर्वतयारी, समन्वय र समय व्यवस्थापनको विशेष जिम्मेवारी पनि हो ।

जिल्ला प्रशासन, मुख्य निर्वाचन अधिकृतको कार्यालय, प्रहरी, सशस्त्र प्रहरी र नेपाली सेनाबीचको समन्वय प्रभावकारी हुनुपर्छ । सुरक्षा फौज २४ सै घण्टा 'अलर्ट' अवस्थामा रहने व्यवस्था कागजी औपचारिकता नभई व्यवहारमा देखिनुपर्छ । तर सुरक्षा केवल सुरक्षाकर्मीको जिम्मेवारी मात्र होइन । राजनीतिक दल, उम्मेदवार र मतदाताको पनि उत्तिकै भूमिका हुन्छ । उकास्ने भाषण, सामाजिक सञ्जालमा उत्तेजक अभिव्यक्ति, भीड प्रदर्शन र आचारसंहिता उल्लंघनजस्ता गतिविधिले वातावरण बिगार्न सक्छन् । त्यसैले सबै पक्षले संयमता अपनाउनु अनिवार्य छ । लोकतन्त्रको आधारस्तम्भ निर्वाचन हो, र निर्वाचनको मेरूदण्ड सुरक्षा हो । मतदाताले निर्भीक भएर मतदान गर्न पाउनु उनीहरूको संवैधानिक अधिकार हो । कुनै पनि बहानामा त्यो अधिकार कुण्ठित हुन नदिन राज्य संयन्त्र पूर्ण रूपमा सजग हुनुपर्छ । कर्णालीको भौगोलिक विकटता, सीमित पूर्वाधार र विगतका अनुभवलाई मध्यनजर गर्दै यस पटक सुरक्षा व्यवस्थापनमा कुनै सम्झौता हुनु हुँदैन । निर्वाचन परिणाम जे आए पनि प्रक्रिया शान्तिपूर्ण र विश्वसनीय भयो भने मात्र लोकतन्त्र बलियो हुन्छ । त्यसैले सम्बन्धित सबै निकाय र सरोकारवालाहरूले यस पटकको निर्वाचनका लागि सुरक्षा व्यवस्थापनमा विशेष ध्यान देऊ ।

खाडी मुलुकमा भइरहेको आक्रमणले नेपालमा कस्तो पर्ला असर ?



विजयराज खनाल

'यी मुलुकहरू तेलको भण्डारण धेरै भएका मुलुक हुन्, समस्या चाँडै समाधान भए पुनर्निर्माणमा गइ हाल्न सक्ने क्षमता यिनीहरूसँग छ, त्यसैले द्वन्द्वपछि थप रोजगारी बढ्ने सम्भावना हुन्छ र नेपाल भित्रिने रेमिटेन्समा पनि वृद्धि हुन सक्छ ।'



आर्थिक सुस्तताका बाबजुद बढ्दो विदेशी मुद्रा सञ्चितिको राहत पाइरहेको नेपाललाई मध्यपूर्वी क्षेत्रमा बढेको द्वन्द्वको तनावले प्रभाव पार्न सक्ने देखिएको छ ।

धेरै नेपाली रोजगारीको खोजीमा जाने क्षेत्र हो, मध्यपूर्वी ।

अमेरिका र इसराइलले इरानका २४ प्रान्तहरूका विभिन्न स्थानमा लक्ष्य गरेर हमला गरेपछि इरानले समेत गल्फ देशमा जबाफी हमला गर्न थालेको छ ।

इरानले धेरै नेपालीहरू रोजगारीको लागि जाने कतार, कुवेत, बहराइन, जोर्डन, युएईलगायतका मुलुकमा पनि मिसाइल आक्रमण गरेको छ ।

मध्यपूर्व र खाडीका विभिन्न देशहरूमा रहेका अमेरिकी सैन्य संरचनालाई लक्ष्य गरेर आक्रमण गरेको हो ।

आइतबार बिहान पनि संयुक्त अरब इमिरेट्स (युएई) र कतारका केही क्षेत्रमा विस्फोटका आवाजहरू सुनिएको अन्तर्राष्ट्रिय सञ्चारमाध्यमहरूले लेखेका छन् । यो द्वन्द्वको प्रभाव अन्तर्राष्ट्रियस्तरमै पर्ने देखिन्छ । यो द्वन्द्वले सर्वप्रथम तेलको मूल्य बढाउने सम्भावना छ ।

रोयटर्सका अनुसार यो द्वन्द्वले तेलको आपूर्तिमा समस्या आउने र मूल्य बढ्ने सम्भावना छ । अहिले द्वन्द्वमा सहभागी इरान प्रमुख तेल उत्पादक हो ।

यसबाहेक होर्मुजको जलमार्ग इरानसँग जोडिएको छ । होर्मुज जलमार्गको उत्तरी क्षेत्रमा इरान र दक्षिणी क्षेत्रको भागमा ओमानको नियन्त्रण छ ।

विश्वको समुद्री बाटो हुँदै जाने तेल तथा प्राकृतिक ग्यासमध्ये ठूलो हिस्सा यसै मार्गबाट जान्छ ।

एक वर्षमा मात्रै कच्चा तेलको मूल्य १९ प्रतिशतभन्दा धेरैले बढेको छ । गत शुक्रबार प्रति ब्यारेल ७३ डलरमा कारोबार भइरहेको कच्चा तेलको मूल्य ८३ प्रतिशतसम्म पुग्न सक्ने अनुमान भइरहेको छ ।

'यसअघि युक्रेन र रसियाको द्वन्द्वको कारण विश्वभर महंगी बढेजस्तै अहिले तेलको आपूर्तिमा समस्या हुने देखिएमा नेपालमा पनि महककंगी बढ्ने सम्भावना रहन्छ,' योजना आयोगका उपाध्यक्ष तथा राष्ट्र बैंकका पूर्वकार्यकारी निर्देशक डा. प्रकाश कुमार श्रेष्ठ बताउँछन् ।

अहिलेको द्वन्द्व लम्बिए डलरको भाउ समेत बढ्ने सक्ने आकलन अन्तर्राष्ट्रिय सञ्चार माध्यमहरूले गरेका छन् ।

जापानको येन र स्विस फ्रन्सबाहेक अन्य मुद्रासँगको विनिमय दर थप बलियो हुनसक्ने रोयटर्सले समाचारमा उल्लेख गरेको छ ।

त्यस्तै, विश्वमा बढेको भू-राजनीतिक द्वन्द्वकै कारण सुनको मूल्यमा वृद्धि भइरहेको छ । एक वर्षयता मात्रै सुनको भाउ २१ प्रतिशतभन्दा धेरैले बढेको छ ।

सुनलाई सबैभन्दा सुरक्षित सम्पत्ति मानिने भएकोले पनि यसको भाउ अब थप बढ्न सक्छ ।

यसबाहेक यो द्वन्द्वले नेपाललाई प्रत्यक्ष असर गर्न सक्छ । रोजगारीको लागि नेपालीहरूको मुख्य गन्तव्य नै खाडी मुलुक हो । वैदेशिक रोजगारमा गएकामध्ये आधाभन्दा बढी अर्थात ५६.९ प्रतिशत साउदी अरब, दुबई, कतार लगायतका खाडी मुलुकमा जाने गरेको राष्ट्र बैंकको २०७६ को एक रिपोर्टले उल्लेख गरेको छ ।

सरकारले तनावग्रस्त मध्यपूर्वी देशमा १७ लाख नेपाली नागरिक रहेको खुलाएको छ । चालु आर्थिक वर्ष २०८२/८३ को पुससम्ममा मात्रै कतार, युएइ, जोर्डन, इसराइल, बहराइन, ओमान, कुवेत, साउदी अरेबियालगायतका मुलुक जान श्रम स्वीकृति लिनेको संख्या करिब तीन लाख छ ।

'अहिले मध्यपूर्वी क्षेत्रका हवाइ उडान बन्द भएका छन्, यसले वैदेशिक रोजगारीमा जाने तयारीमा रहेका कतिपय जान नसक्ने भएका छन्, यो अवस्था लम्बिए मुलुकभित्रको आन्तरिक श्रम बजारमा समेत दबाब पर्छ,' राष्ट्र बैंकका अर्का पूर्व कार्यकारी निर्देशक डा. गुणाकर भट्ट भन्छन् ।

वैदेशिक रोजगारीमा असर पर्दा मुलुक भित्रिने रेमिटेन्समा पनि प्रभाव पर्न सक्छ ।

पूर्व कार्यकारी निर्देशक भट्ट भन्छन्, 'एकातिर तेलको मूल्य बढ्दा विदेशी मुद्राको खपत बढ्छ र रेमिटेन्समा समेत गिरावट आएमा हाल मुलुकमा रहेको विदेशी मुद्राको सञ्चितिमा प्रभाव पर्न सक्छ ।'

केही समयअघि नेपालमा विदेशी मुद्रा सञ्चिति उच्चले घट्न थालेसँगै सरकारले विभिन्न वस्तुको आयातमा प्रतिबन्ध नै लगाउन परेको थियो । हाल भने मुलुकमा ३२ खर्ब ४२ अर्ब बराबर विदेशी मुद्रा सञ्चित छ ।

यसले १८ महिनाभन्दा धेरैको आयात धान्न सक्छ । सात महिनाको आयात धान्ने सञ्चित भएमा पर्याप्त मानिन्छ ।

केही समय द्वन्द्व लम्बिएर अवस्था सामान्य बन्दै जाँदा भने रमिटेन्स बढ्ने सम्भावना हुन थाल्ने पनि योजना आयोगका उपाध्यक्ष श्रेष्ठ बताउँछन् ।

'यी मुलुकहरू तेलको भण्डारण धेरै भएका मुलुक हुन्, समस्या चाँडै समाधान भए पुनर्निर्माणमा गइ हाल्न सक्ने क्षमता यिनीहरूसँग छ, त्यसैले द्वन्द्वपछि थप रोजगारी बढ्ने सम्भावना हुन्छ र नेपाल भित्रिने रेमिटेन्समा पनि वृद्धि हुन सक्छ ।'

अहिले मध्यपूर्वमा चलिरहेको द्वन्द्वले नेपालमा भावी दिनमा बन्ने सरकारलाई रेमिटेन्स दिगो स्रोत नभएको संकेत दिइरहेको र रोजगारी सृजनामा लाग्न सचेत गराउने राष्ट्र बैंकका पूर्व कार्यकारी निर्देशक भट्ट बताउँछन् ।

यसबाहेक तत्काललाई यो द्वन्द्वले पर्यटनमा र वैदेशिक ऋण तथा साहयतामा पनि प्रभाव पर्न सक्ने आकलन गरिएको छ । विशेषतः मध्यपूर्वका विमानस्थल नेपाली र विदेशीहरूको ट्रान्जिट हुने गरेकोले यहाँको पर्यटनमा केही प्रभाव पर्ने सक्ने आकलन गरिएको हो ।

त्यस्तै, पछिल्लो समय नेपाल भित्रिने वैदेशिक सहयोग र ऋणमा कमी भइरहेको छ । कोभिड पछि नै अन्तर्राष्ट्रिय दातृ निकायहरूले विभिन्न मुलुकमा वैदेशिक सहयोग र ऋण कटौती गरेका छन् ।

अहिलेको द्वन्द्वले निरन्तरता पाउँदा दातृ निकायहरूले प्राथमिकतामा राखेर सहयोग गर्ने मुलुकहरू फेरिन सक्ने भएकोले यसमा पनि असर पर्न सक्छ ।

मनोरञ्जन


"सडक मानव"को हुलियामा नायक बिपिन, नयाँ फिल्मको पात्र सार्वजनिक गरेका हुन् ?

पात्र निर्माणमा माहिर अभिनेता बिपिन कार्कीले 'सडक मानव' हुलियामा सार्वजनिक गरेको तस्बिरले दर्शकको ध्यान खिचेको छ ।

सामाजिक सञ्जालमा उक्त तस्बिर सेयर गर्दै बिपिनले लेखेका छन्, 'पहिरनले मात्र चरित्रको निर्धारण गर्दैन...।'

उनको यो क्याप्सन पनि रहस्यमयी छ । तस्बिरको पृष्ठभूमिबारे उक्त लाइनले सम्बोधन गर्दैन । तस्बिरमा उनले च्यातिएको टाउजर-मोजा र मैलो ज्याकेट लगाएका छन् । मयल, हिलो-धुलोले फोहोर शरीर र अनुहारमा उनलाई देख्न सकिन्छ ।

धेरैले बिपिन यस चरित्रमा फिल्ममा देखिन लागेको लड्कल लगाएका छन् । 'सडक मानव'को यो हुलियामा उनलाई फिल्ममा देख्न पाइने आशयको प्रतिक्रिया दिएका छन् ।



उनका अन्य तस्बिरले औषतमा २० हजार लाइक आउने गरेको पाइन्छ । यो तस्बिरले ५६ हजारभन्दा बढी लाइक पाएको छ । केहीले 'बिपिन हुबहु सडक मानव देखिए' भन्ने प्रतिक्रिया दिएका छन् । अर्थात्, उनको चरित्र निर्माणको सशक्त पक्षलाई दर्शकले कदर गरेका छन् ।

यो पनि : विपिनको छलाङ - अहेबदेखि भर्सटायल नायकसम्म !

यो तस्बिरको वास्तबिकता दर्शकले अनुमान गरेभन्दा फरक छ । उनले एकवर्षअघि खिचाएका हुन् । सार्वजनिक चाहिँ शनिबार गरेका हुन् ।

९ महिलाअघि सार्वजनिक म्युजिक भिडियो 'परित्याग'को उनले तस्बिरमा देखिएको पात्र निर्माण गरेका थिए ।

बिपिनका अनुसार त्यही म्युजिक भिडियो छायाङ्कनका दौरान यो तस्बिर खिचिएको हो । अर्थात्, उनी त्यो चरित्र निर्वाह गरेर फिल्ममा अभिनय गर्ने तयारीमा छैनन् ।

उनले खबरहबसँग भने, 'धेरैले त्यो तस्बिर देखिएको चरित्रमा फिल्म गर्न लागेको हो ? भनेर चासो राख्नु भएको छ । सामाजिक सञ्जालमा पनि प्रश्न सोधिएको छ । तर, मोवाइलमा भेटेकाले त्यो फोटो सार्वजनिक गरेको हो । यसको पछाडि अरु कुनै रहस्य छैन ।'

तथापि, दर्शकले राखेको चासोप्रति उनी कृतज्ञ छन् ।

विश्व

इरानमा अलिरेजा आराफीले पाए अन्तरिम सर्वोच्च नेताको जिम्मेवारी

"अली खामेनेईको मृत्यु भएको भोलिपल्ट अलिरेजा आराफीलाई नयाँ अन्तरिम सर्वोच्च नेताको जिम्मेवारी दिइएको छ ।



इरानका सर्वोच्च नेता आयातुल्ला अली खामेनेईको मृत्यु भएको भोलिपल्ट अलिरेजा आराफीलाई नयाँ अन्तरिम सर्वोच्च नेताको जिम्मेवारी दिइएको छ ।

६७ वर्षीय आराफी अली खामेनेईका निकट सहयोगी मानिन्छन् । उनले लामो समयदेखि इरानको धार्मिक र राजनीतिक व्यवस्थामा महत्वपूर्ण भूमिका निर्वाह गरेका थिए ।

आराफी एसेम्बली अफ एक्सपर्टस्का उपाध्यक्ष हुन् । जसलाई सर्वोच्च नेताले नियुक्त गर्छन् । उनी गार्जियन काउन्सिलका सदस्य समेत भइसकेका छन् ।

हाल उनी सेमिनरी प्रणालीको नेतृत्व गरिरहेका छन् ।

अब स्थायी सर्वोच्च नेता एसेम्बली अफ एक्सपर्ट्सले चयन गर्नेछ । खामेनेईको मृत्युपछि इरानमा ४० दिनको शोक र ७ दिने बिदा घोषणा गरिएको छ ।

इरानको संविधानको धारा १११ अनुसार जबसम्म नयाँ सर्वोच्च नेता चयन गरिँदैन तबसम्म एउटा अस्थायी परिषदले देशको जिम्मेवारी सम्हाल्नेछ । अलिरेजासहितको तीन सदस्यीय परिषदमा राष्ट्रपति मसुद पेजेशकियान र सर्वोच्च अदालतका मुख्य न्यायाधीश गुलाम हुसैन मोहसनी एजेई हुनेछन् ।

आराफी एसेम्बली अफ एक्सपर्ट्सको उपाध्यक्षका रुपमा अन्तरिम नेताका रूपमा अस्थायी परिषदमा आएका हुन् । यो अस्थायी परिषदले औपचारिक रूपमा नयाँ सर्वोच्च नेता चयन नभएसम्म काम गर्नेछ ।

www.kankrebihar.com
काँक्रेविहार
राष्ट्रिय दैनिक

मुगुको 'लाइफलाइन' नाक्चेलाग्ना सडक १७ वर्षमा १८ किलोमिटर मात्र



❐ काँक्रेविहार संवाददाता
सुर्खेत, १७ फागुन

गमगढी-नाक्चेलाग्ना सडक, जसलाई नाक्चेलाग्ना सडक पनि भनिन्छ, मुगु जिल्ला मात्र होइन, समग्र कर्णाली प्रदेशको समृद्धिसँग जोडिएको बहुप्रतिक्षित पूर्वाधार आयोजना हो। ९६ किलोमिटर लम्बाइको यो सडकले मुगुको सदरमुकाम गमगढीलाई उत्तरी सिमाना नाक्चेलाग्नासँग जोड्ने लक्ष्य राखेको छ। चीनसँग सिधा सम्पर्क स्थापना गरी त्रिदेशीय (नेपाल-भारत-चीन) पारवहनको ढोका खोल्ने महत्वाकांक्षा बोकेको यो सडकलाई स्थानीयले 'लाइफलाइन' का रूपमा हेर्ने गरेका छन्। यस सडकको विस्तृत सर्वेक्षण आर्थिक वर्ष २०६२/६३ मै सम्पन्न भएको थियो। तर सर्वेक्षणपछि झन्डै १० वर्ष कुर्दै आर्थिक वर्ष २०७२/७३ बाट मात्र निर्माण कार्य औपचारिक रूपमा सुरु भयो। विगत १७ वर्षको अवधिमा जम्मा १८.५ किलोमिटर सडक मात्र ट्र्याक खोलिएको तथ्यांकले देखाउँछ। प्रतिवेदनअनुसार हालसम्म करिब २ करोड रुपैयाँ मात्र खर्च भएको छ, जुन ९६ किलोमिटर सडकका लागि अत्यन्त न्यून मानिन्छ। प्राविधिक अनुमानअनुसार सडकको स्तरवृद्धि र पूर्ण निर्माणका लागि थप करिब २० करोड रुपैयाँ आवश्यक पर्ने देखिन्छ। संघीय सरकारको उच्च प्राथमिकतामा नपर्नु, पर्याप्त वार्षिक बजेट नहुनु र विकट भौगोलिक बनावट मुख्य बाधकका रूपमा देखिएका छन्।

गति दिन गमगढीमै परियोजना कार्यालय स्थापना गरिए पनि प्रभावकारी रूपमा सञ्चालन हुन नसकेको स्थानीय गुनासो छ। वि.सं. २०४९ मा एक अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाले गमगढीदेखि मुगु गाउँसम्म फराकिलो घोरेटो बाटो निर्माण गरेको थियो। त्यसयता सडक स्तरोन्नतिको योजना बनेको दुई दशकभन्दा बढी भइसक्दा पनि प्रगति सन्तोषजनक छैन। नाक्चेलाग्ना सडक सञ्चालनमा आए मुगु र कर्णालीको पर्यटन क्षेत्रमा ठूलो परिवर्तन आउने अपेक्षा गरिएको छ। रारा ताल र रारा राष्ट्रिय निकुञ्जसँगै छायानाथ क्षेत्र जोडिने मार्ग सुदृढ हुनेछ। तिब्बतस्थित पवित्र मानसरोवर र कैलाश पर्वत यात्राका लागि छोटो र वैकल्पिक मार्ग बन्न सक्ने सम्भावना छ। छायानाथ धाम, ऋणमोक्ष धाम, मुगुम गाउँ, सयौं वर्ष पुराना गुम्बा तथा मठ-मन्दिरहरूले धार्मिक पर्यटन विस्तार गर्न सक्छन्। पोरलोक क्षेत्रबाट रारा ताल, कोईकी हिमाल र तिब्बती पठारको मनोरम दृश्यावलोकन सम्भव छ।

व्यापारिक र आर्थिक महत्व

सडक खुलेसँगै नाक्चेलाग्ना नाका सञ्चालनमा आए कर्णालीवासीले चिनियाँ बजारमा सिधा पहुँच पाउने छन्। यार्सागुम्बा, गुच्ची च्याउ, पाँचऔंले, सतुवा जस्ता बहुमूल्य जडिबुटी निकासी सहज हुनेछ। खाद्यान्न, लत्ताकपडा, जुत्ता र निर्माण सामग्रीको ढुवानी लागत घट्नेछ। मुगुको प्रसिद्ध मार्सी चामल, स्याउ, घिउ र छुर्पी बाह्य बजारमा पुऱ्याउन सहज हुनेछ। यसले मुगुलाई नेपाल-चीन व्यापारको सम्भावित 'ट्रान्जिट पोइन्ट' बनाउने आधार तयार पार्न सक्छ। मुगु जिल्लाको सबैभन्दा ठूलो तथा विकट स्थानीय तह मुगुम कार्मारोङ गाउँपालिका २ हजार १ सय ७ वर्ग किलोमिटर क्षेत्रमा फैलिएको छ। करिब ६ हजार २ सय २२ जनसंख्या रहेको यस पालिकामा जनघनत्व प्रति वर्ग किलोमिटर तीन जना मात्र छ।

यहाँको मुख्य जीविकोपार्जन जडिबुटी संकलन हो। यार्सागुम्बा, गुच्ची च्याउ र सतुवा स्थानीय अर्थतन्त्रको मेरुदण्ड बनेका छन्। कृषि (कोदो, फापर, आलु, जौ), स्याउ तथा कागती खेती, पशुपालन (भेडा, च्याङ्ग्रा, चौंरी, घोडा) आयका स्रोत हुन्। चीनको तिब्बत क्षेत्रसँग सीमा जोडिएकाले दैनिक उपभोग्य वस्तुका लागि सीमावर्ती बजारमा निर्भरता रहँदै आएको छ। भोटे समुदायको बाहुल्यता रहेको यहाँ बुद्ध धर्मावलम्बी धेरै छन्। कार्मारोङ, नेपाली, मुगाली र तामाङ भाषा बोलिन्छन्। ग्याल्बो ल्होसार प्रमुख चाड हो। तर साक्षरता दर करिब ५४ प्रतिशत मात्र छ। स्वास्थ्य सेवा, खानेपानी र यातायात पहुँच अझै चुनौतीपूर्ण छन। अहिले पनि धेरै स्थानमा खच्चड र मानव श्रममै निर्भर रहनुपर्छ।

चुनावी एजेन्डामा किन पर्दैन?

स्थानीयस्तरमा नाक्चेलाग्ना सडकलाई दीर्घकालीन विकासको मूल आधार मानिए पनि चुनावी बहसमा यो प्रमुख एजेन्डा बन्न सकेको छैन। साना र तत्कालीन आवश्यकताले मतदातालाई प्रभावित गर्ने प्रवृत्तिले दीर्घकालीन पूर्वाधारको मुद्दा ओझेलमा पर्ने गरेको स्थानीय बुद्धिजीवीहरूको भनाइ छ। यदि यो सडक समयमै निर्माण सम्पन्न भयो भने वैदेशिक पलायन घटाउने, रोजगारी सिर्जना गर्ने र समग्र जनजीवनमा आमूल परिवर्तन ल्याउने सम्भावना रहेको स्थानीय विश्वास छ।

अब मुगुम कार्मारोङका बासिन्दा र समग्र मुगु जिल्लाले दीर्घकालीन समृद्धिका लागि प्राथमिकता निर्धारण गर्ने बेला आएको सरोकारवालाहरूको भनाइ छ।

राजमार्ग कालोपत्रे प्रक्रिया अघि बढ्यो



❐ काँक्रेविहार संवाददाता
जुम्ला, १७ फागुन

सरकारले लामो समयदेखि रोकिएको नाम्म-गमगडी राजमार्ग कालोपत्रे गर्ने प्रक्रिया पुनः अगाडी बढाएको छ। बजेट अभावका कारण झण्डै तीन वर्षदेखि अवरुद्ध रहेको सडक निर्माण कार्य यसपटक भने अगाडि बढ्ने भएको हो। सडक डिभिजन कार्यालय जुम्लाका अनुसार सरकारबाट बजेट स्वीकृत भएसँगै नाम्मदेखि देवार गाउँ सम्मको १५ किलोमिटर सडक कालोपत्रेका लागि ठेक्का आह्वान गरिएको छ। डिभिजन प्रमुख श्रवणकुमार महताराका अनुसार आइतबार ठेक्का प्रक्रिया सुरु गरिएको हो।

उक्त खण्डका लागि कुल ९१ करोड ६६ लाख रुपैयाँ बजेट स्वीकृत भएको छ भने ठेक्का प्रक्रियापछि अन्तिम लागत निर्धारण गरिनेछ। नाम्म-देवारगाउँ खण्ड उच्चस्तरीय कालोपत्रे (एस्फाल्ट कंक्रिट) प्रविधिबाट निर्माण गरिनेछ। यस राजमार्गका लागि बहुवर्षीय बजेटसमेत स्वीकृत भइसकेको कार्यालयले जनाएको छ।

भौतिक पूर्वाधार, सहरी विकास, वन तथा वातावरण मन्त्री माधवप्रसाद चौलागाईंले बजेट अभावका कारण रोकिएको राजमार्गलाई प्राथमिकतामा राखेर काम अघि बढाइएको जानकारी दिए।

सिंजा, मुगु तथा समग्र कर्णाली क्षेत्रका बासिन्दाबाट सडक स्तरोन्नतिको माग आएपछि योजना कार्यान्वयनमा ल्याइएको उनको भनाइ छ। उनले कठिन भू-भागका कारण रातिको समयमा सञ्चालन गर्न चुनौतीपूर्ण रहेको कर्णाली राजमार्ग स्तरोन्नतिका लागि प्राविधिक विज्ञ टोली परिचालन गरिएको समेत बताए। चार वर्षअघि सिंजास्थित कनकासुन्दरी गाउँपालिका क्षेत्रमा करिब ६ किलोमिटर सडक कालोपत्रे गरिएको थियो। त्यस अघि बजेट अभावका कारण काम अघि बढ्न सकेको थिएन।

पछि योजना आयोग हुँदै अर्थ मन्त्रालयबाट बजेट स्वीकृत भएपछि निर्माण कार्य पुनः सुरु भएको हो। नाम्मदेखि मुगुसम्मको सडक रणनीतिक रूपमा उत्तर-दक्षिण जोड्ने महत्वपूर्ण मार्गका रूपमा रहेको छ। सिंजा-मुगु-नाक्चेलाग्ना हुँदै चीनसँग जोडिने छोटो मार्गमध्ये यो एक मानिन्छ। साथै रारा र सिंजा क्षेत्र भ्रमण गर्ने पर्यटकका लागि सडक स्तरोन्नतिले आर्थिक तथा पर्यटकीय विकासमा टेवा पुग्ने अपेक्षा गरिएको छ। हाल ९३ किलोमिटर लामो नाम्म-गमगडी राजमार्गमध्ये करिब ६ किलोमिटर सडक यसअघि कालोपत्रे भइसकेको छ भने यस वर्ष थप १५ किलोमिटर सडक कालोपत्रे गरिने योजना छ।

लालपुर्जाको आश्वासन अझै अधूरै

❐ काँक्रेविहार संवाददाता
कैलाली, १७ फागुन

कैलालीको टीकापुरस्थित एकतानगर सुकुम्बासी शिविरमा दुई दशकदेखि बस्दै आएका राजु विकको एउटै चाहना छ लालपुर्जासहितको आफ्नै जग्गा। वर्षौंदेखि घरबासको आशामा बसिरहेका उनले त्यो सपना अझै साकार हुन सकेको छैन। हरेक निर्वाचनमा लालपुर्जा उपलब्ध गराउने आश्वासन सुन्ने उनिजस्ता धेरै सुकुम्बासीको जीवन भने उस्तै अनिश्चितितामा बितिरहेको छ। विसं २०६४ यता प्रत्येक चुनावमा राजनीतिक दल र उम्मेदवारले सुकुम्बासीलाई जग्गाधनी पुर्जा दिने प्रतिबद्धता जनाउँदै आएका छन्।

तर चुनाव सकिएपछि बस्ती फेरि सुनसान बन्छ, र आश्वासन कागजमै सीमित हुन्छ। अहिले बस्तीमा निकै चहलपहल छ, सबैले लालपुर्जाकै कुरा गर्छन्। राजु भाछन, तर हामीले सोध्दा भरपर्दो जवाफ कसैसँग हुँदैन। जिल्लामा झन्डै डेढ लाख परिवार भूमिहीन सुकुम्बासी, दलित तथा अव्यवस्थित बसोबासी रहेको तथ्याङ्क छ। विगतका निर्वाचनमा यिनै समुदायको मत निर्णायक बन्दै आएको छ। घोषणापत्रमा प्राथमिकतासाथ जग्गा वितरणको विषय समेटिए पनि कार्यान्वयन भने हुन सकेको छैन।

दुई दशकअघि बाजुरामा पहिरोका कारण विस्थापित भएर टीकापुरमै आश्रय लिँदै आएकी बालिका सिंहलाई चुनावी वाचा अब विश्वासलाग्दो लाग्दैन। चुनावका बेला मात्रै नेताहरू देखिन्छन्उ नले भने बर्खामा हिलाम्मे सडक र डुब्न लागेका घर हेर्न कोही आउँदैन। शिविरका बासिन्दाले प्राकृतिक जोखिमसमेत झेल्दै आएका छन्। गर्मीयाममा हुरीबतासले सुकेका रुख ढल्ने त्रासले रात कटाउनुपर्ने अवस्था रहेको उनीहरूको गुनासो छ। बिन्द्रा चौधरीका अनुसार हरेक वर्ष रुख ढल्दा मानवीय क्षतिसमेत हुने गरेको छ पीडा सुनिदिने कोही छैन उनको भनाइ छ।

गत वर्ष हुरीले घरमाथि रुख ढलेपछि हाँगा काट्दा कानुनी कारबाही भोग्नुपरेको अनुभव जवारा विकले सुनाइन्। घर जोगाउन हाँगा काट्दा श्रीमान् जेल जानुपऱ्यो दुई लाख जरिवाना तिर्नुपऱ्यो उनले दुखेसो पोखे। टीकापुर नगरपालिकाभित्र नौवटा सुकुम्बासी तथा मुक्तकमैया शिविरमा करिब पाँच हजार परिवार बसोबास गर्दै आएका छन्। यसपटकका उम्मेदवारले अघिल्ला चुनावभन्दा फरक रणनीति अपनाएका छन्। विगतमा 'चुनाव जितेपछि लालपुर्जा दिने' भनाइ दोहोरिँदै आएकोमा अहिले 'आवश्यक कानुन संशोधन गरेर प्रक्रिया पूरा गरी वितरण गर्ने' प्रतिबद्धता जनाइएको छ।

स्थानीय विजय चौधरीका अनुसार उम्मेदवारले रणनीति फेरे पनि विगतका अनुभवका कारण विश्वास गर्न गाह्रो भइरहेको छ। "कुरा फेरिए पनि परिणाम उस्तै नहोला भन्ने ग्यारेन्टी छैन, उनले भने।

भूमि समस्या समाधान आयोग कैलालीका अनुसार जिल्लामा एक लाख ४५ हजार ५७२ परिवारले जग्गा दर्ताका लागि निवेदन दिएका छन्। तीमध्ये २१ हजार ५४५ परिवार भूमिहीन, एक लाख १८ हजार ८ १३ अव्यवस्थित बसोबासी र पाँच हजार २१४ निवेदन अधुरा छन्। वर्षौंदेखि भोगचलन गर्दै आएको जमिनको वैधानिक स्वामित्व पाउने अपेक्षामा सुकुम्बासी तथा मुक्तकमैया समुदाय अझै प्रतीक्षामा छन्। चुनावी माहोल फेरि तातेको छ, तर लालपुर्जाको सपना कहिले पूरा हुने हो भन्ने प्रश्न अझै अनुत्तरित छ।

नलगाड नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
दल्ली, जाजरकोट
कर्णाली प्रदेश नेपाल

फोहोर व्यवस्थापनमा पालिकाबासीको भूमिका

- बजार जाँदा कपडाको झोला लिएर जाऔं,
- प्लास्टिक झोला प्रयोग नगरौं।
- सकेसम्म कम प्याकेजिङ्ग भएका वस्तुहरूको प्रयोग नगरी कुहिने र नकुहिने फोहोरलाई छुट्टाछुट्टै भाडामा जम्मा गरौं।
- घरमा जम्मा भएका कुहिने फोहोरलाई घरमै कम्पोष्ट बनाऔं।
- प्लास्टिक, कागज, धातु ,सिसा, जस्ता नकुहिने फोहोरलाई बेचेर आम्दानी बढाऔं।
- फोहोरलाई जथाभावी नफाली जम्मा गरेर राखेको फोहोर संकलन गर्ने संस्थालाई दिऔं।

संस्थागत भूमिका

- आफ्नो कार्यालय, पसल, विद्यालय वा संस्थामा प्रयोग हुने कागज तथा प्लाष्टिकलाई संकलन गरी कवाडलाई बेच्ने बानी बसालौं र कुहिने फोहोरलाई कम्पोष्ट बनाऔं।
- सामानलाई पुनः प्रयोग गर्ने बानि बसालौं, यसले फोहोर घटाउन मद्दत गर्दछ।

समुदायको भूमिका

- आफ्नो सामुदायलाई पुनः प्रयोग योग्य वस्तु तु संकलन गर्ने प्रणाली शुरु गरौं।
- जथाभावी फोहोर नफाली र फोहोर व्यवस्थापन गर्न समुदायलाई प्रोत्साहन गरौं।
- आफ्नो सामुदाय वा छिमेकका विद्यालयहरुलाई वातावरण क्लब गठन गरी फोहोर व्यवस्थापन सम्बन्धी कार्यक्रम गर्न प्रोत्साहन गरौं।
- पालिकाद्वारा पाक्षीक रूपमा आयोजना गरिने पालिका सरसफाई र हरियाली प्रवर्धन कार्यक्रममा सहभागी बनौं।
- प्रत्येक टोल विकास संस्थाले साप्ताहिक रूपमा सरसफाई कार्यक्रम आयोजना गरी सबैलाई सहभागी बनाऔं।

वनगाड कुपिण्डे नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
देवस्थल, सल्यान
कर्णाली प्रदेश नेपाल

फोहोर व्यवस्थापनमा पालिकाबासीको भूमिका

- बजार जाँदा कपडाको झोला लिएर जाऔं,
- प्लास्टिक झोला प्रयोग नगरौं।
- सकेसम्म कम प्याकेजिङ्ग भएका वस्तुहरूको प्रयोग नगरी कुहिने र नकुहिने फोहोरलाई छुट्टाछुट्टै भाडामा जम्मा गरौं।
- घरमा जम्मा भएका कुहिने फोहोरलाई घरमै कम्पोष्ट बनाऔं।
- प्लास्टिक, कागज, धातु ,सिसा, जस्ता नकुहिने फोहोरलाई बेचेर आम्दानी बढाऔं।
- फोहोरलाई जथाभावी नफाली जम्मा गरेर राखेको फोहोर संकलन गर्ने संस्थालाई दिऔं।

संस्थागत भूमिका

- आफ्नो कार्यालय, पसल, विद्यालय वा संस्थामा प्रयोग हुने कागज तथा प्लाष्टिकलाई संकलन गरी कवाडलाई बेच्ने बानी बसालौं र कुहिने फोहोरलाई कम्पोष्ट बनाऔं।
- सामानलाई पुनः प्रयोग गर्ने बानि बसालौं, यसले फोहोर घटाउन मद्दत गर्दछ।

समुदायको भूमिका

- आफ्नो सामुदायलाई पुनः प्रयोग योग्य वस्तु तु संकलन गर्ने प्रणाली शुरु गरौं।
- जथाभावी फोहोर नफाली र फोहोर व्यवस्थापन गर्न समुदायलाई प्रोत्साहन गरौं।
- आफ्नो सामुदाय वा छिमेकका विद्यालयहरुलाई वातावरण क्लब गठन गरी फोहोर व्यवस्थापन सम्बन्धी कार्यक्रम गर्न प्रोत्साहन गरौं।
- पालिकाद्वारा पाक्षीक रूपमा आयोजना गरिने पालिका सरसफाई र हरियाली प्रवर्धन कार्यक्रममा सहभागी बनौं।
- प्रत्येक टोल विकास संस्थाले साप्ताहिक रूपमा सरसफाई कार्यक्रम आयोजना गरी सबैलाई सहभागी बनाऔं।

काँक्रेविहार
www.kankrebihar.com
राष्ट्रिय दैनिक
सु.जि.प्र.का.द.नं. १३/२०५७/०५८
सोमवार, १८ फागुन, २०८२
Monday, 2 Mar. 2026

निर्धक्क मतदान गर्नुहोस् : गृहमन्त्री अर्याल



काँक्रेविहार संवाददाता
नेपालगञ्ज, १७ फागुन

गृहमन्त्री ओमप्रकाश अर्यालले प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि आवश्यक सम्पूर्ण सुरक्षा तयारी पूरा भएको बताएका छन् । फागुन २१ गते हुने निर्वाचनलाई लक्षित गर्दै सुरक्षा अवस्थाबारे जानकारी लिन उनी आईतबार नेपालगञ्ज आइपुगेका हुन् ।

नेपालगञ्जमा आयोजित पत्रकार सम्मेलनमा गृहमन्त्री अर्यालले स्वच्छ, शान्तिपूर्ण र भयरहित वातावरणमा मतदान गराउने सरकारको प्रतिबद्धता दोहोर्याए । उनले निर्वाचनलाई मर्यादित र व्यवस्थित रूपमा सम्पन्न गर्न कुनै कसर बाँकी नराखिने स्पष्ट पार्दै मतदातालाई निर्धक्क भएर मतदान गर्न आग्रह गरे ।

जिल्लास्थित सुरक्षा प्रमुखहरूसँग छलफलपछि उनले बाँके जिल्लाको समग्र सुरक्षा रणनीति, तयारी र सम्भावित चुनौतीका विषयमा जानकारी लिएको बताए । सुरक्षा व्यवस्था चुस्तदुरुस्त बनाइएको छ । सबैले ढुक्क भएर मतदान गर्न सक्नुहुन्छ, उनले भने । उनका अनुसार जिल्ला सुरक्षा समिति, प्रमुख जिल्ला अधिकारी, मुख्य निर्वाचन अधिकृतसहित सम्बन्धित सबै निकायले आवश्यक पूर्वतयारी सन्तोषजनक रूपमा सम्पन्न गरेका छन् । देशव्यापी रूपमा सुरक्षा अवस्था सुदृढ रहेको उल्लेख गर्दै उनले उच्च जनसहभागिता सहित शान्तिपूर्ण ढङ्गबाट निर्वाचन सम्पन्न हुने विश्वास व्यक्त गरे । निर्वाचन बिथोल्ने प्रयास हुन सक्ने भन्दै उनले केही असंगठित समूह सक्रिय रहेको उल्लेख गरेका हुन् । कानुनविपरीत गतिविधि गर्ने र लोकतान्त्रिक प्रक्रियामा अवरोध पुऱ्याउनेलाई नियन्त्रणमा लिएर कानुनी कारबाही गरिनेछ, उनले चेतावनी समेत दिएका हुन् । यसैबीच, बाँके जिल्लामा कायम धार्मिक सहिष्णुताको प्रशंसा गर्दै उहाँले स्थानीय नेतृत्वले गलत तत्व पहिचान गरी समयमै रोकथाम गर्न सफल भएको बताए ।

'जेनजी' आन्दोलनका क्रममा भएका घटनाबारे अध्ययन जारी रहेको र त्यसका लागि सरकारले समय थप गरेको जानकारी पनि उनले दिए । गृहमन्त्री अर्यालको भ्रमण टोलीमा गृहसचिव राजकुमार श्रेष्ठ, प्रहरी महानिरीक्षक दानबहादुर कार्की, सशस्त्र प्रहरी बलका महानिरीक्षक राजु अर्याललगायत उच्चपदस्थ सुरक्षा अधिकारी सहभागी छन् । सुदूरपश्चिम प्रदेश अन्तर्गतका बझाङ, बाजुरा लगायत जिल्लाको सुरक्षा अवस्थाबारे स्थलगत जानकारी लिने क्रममा उनिहरु नेपालगञ्ज आइपुगेका हुन् ।

मतदानका लागि घर फर्किए मतदाता



काँक्रेविहार संवाददाता
कोहलपुर, १७ फागुन

प्रतिनिधि सभा सदस्यको निर्वाचन मिति नजिकिँदै जाँदा रोजगारीका लागि भारतका विभिन्न सहरमा गएका नेपाली मताधिकार प्रयोग गर्न स्वदेश फर्कने क्रम बढ्दै गएको छ । रोजगारीका लागि भारत गएका नेपाली अहिले ठुलो सङ्ख्यामा बाँकेको जमुनाह नाका हुँदै नेपाल भित्रिरहेको इलाका प्रहरी कार्यालय जमुनाहले जनाएको छ । अहिले नेपालबाट भारततर्फ जानेभन्दा भारतबाट नेपाल फर्किने नेपालीको सङ्ख्या बढेको जानकारी इलाका प्रहरी कार्यालय जमुनाहका प्रमुख प्रहरी निरीक्षक किरण मल्लले दिए ।

उनका अनुसार निर्वाचनमा सहभागिता जनाउनकै लागि अहिले यो नाका भएर स्वदेश फर्किने नेपालीको संख्या बढ्दै गएको बताए । उनका अनुसार अहिले दैनिक पाँच सयदेखि हजारसम नेपाली फर्किरहेका छन् । स्वदेश फर्किने व्यक्तिको सहज आवागमनका लागि आवश्यक समन्वय र व्यवस्थापन गरिएको बताए । सिमानामा भेटिएका अधिकांश नेपालीले निर्वाचनमा मतदान गर्न देशमा फर्किएको बताएका छन् ।

मत हाल्लको लागि फर्किएका दैलेख नौमुलेका नरेश थापाले मतदानका लागि बिदा लिएर फर्किएको जनाउँदै देशलाई सक्षम, इमानदार तथा जनताका पक्षमा काम गर्ने नेतृत्व आवश्यक रहेको बताए । उनले भने "देशमै रोजगारी सिर्जना गर्ने र युवालाई बिदेसिनु नपर्ने वातावरण बनाउने नेतृत्व चाहिन्छ, हामी सबैको जोड यसैमा छ ।

त्यस्तै सुर्खेत छिन्चुका सुरेश खड्काले आफ्नो क्षेत्रका युवाका लागि केही गर्न सक्ने उम्मेदवार जिताउने आशा लिएर यस पटक फर्किएको बताएका छन् । जाजरकोट ढिमे घर भएका भीमबहादुर सिंह पनि आफ्ना छ जना साथीसँगै स्वदेश फर्किएका छन् । कामका लागि भारतको हिमाचल प्रदेशको रामपुर पुगुनभएका उहाँले पनि निर्वाचनमा मतदान गर्न नेपाल फर्किएको बताए । सिंहले भने, अब निर्वाचन परिवर्तन र देश बनाउनका लागि हुनु पर्छ, भ्रष्टाचार र ढिलासुस्तीलाई अब छुट दिनुहुँदैन । मतदान गर्दा पनि यी कुरालाई ध्यान दिनै पर्छ । जमुनाहा नाकामा भेटिएका भारतबाट फर्किएका अधिकांश नेपालीले नेपालीलाई स्वदेशमै गरिखाने वातावरण बनाउने र कसैलाई काखा कसैलाई पाखा नगर्ने उम्मेदवार तथा दललाई जिताउनु पर्ने बताएका छन् ।

२७ दुर्गम मतदान स्थलमा हेलिकप्टरद्वारा सामग्री ढुवानी

काँक्रेबिहार संवाददाता
हुम्ला, १७ फागुन

कर्णालीका उच्च हिमाली जिल्लामा प्रतिनिधिसभा सदस्य निर्वाचनको तयारीसँगै प्रकृतिसँगको चुनौती पनि बढेको छ । फागुन २१ गते हुने निर्वाचनका लागि हुम्ला र डोल्पाका अति दुर्गम २७ मतदान स्थलमा कर्मचारी र निर्वाचन सामग्री पुऱ्याउन नेपाली सेनाको हेलिकप्टर प्रयोग सुरु गरिएको छ ।

पछिल्लो समय परेको भारी हिमपातका कारण सडक सञ्जाल अवरुद्ध भएपछि पैदल मार्गसमेत अव्यवहारिक बनेको छ । त्यसैले शनिबारदेखि हवाई माध्यमबाट सामग्री ढुवानी थालिएको हो । हुम्लाका प्रमुख जिल्ला अधिकारी टेककुमार रेग्मीका अनुसार नाम्खा गाउँपालिकाका तिल, चाला, जाङ्ग र हल्जीलगायतका मतदान स्थलमा बाक्लो हिमपात जमेकाले हेलिकप्टरमार्फत कर्मचारी तथा मतपत्र पठाइएको जानकारी दिएका छन् । डोल्पाका प्रमुख जिल्ला अधिकारी जुनु हमालका अनुसार जिल्लाका २३ मतदान स्थलमा पनि निर्वाचन टोली खटाइसकिएको छ । शे-फोक्सुण्डो गाउँपालिका, डो ल्पोबुद्ध गाउँपालिका र छार्काताङसोङ गाउँपालिकाका उच्च हिमाली बस्तीहरूमा अझै हिउँ नपग्लिएकाले हेलिकप्टर नै एक मात्र भरपर्दो विकल्प बनेको छ । ती क्षेत्रमा कर्मचारी पुऱ्याउने र निर्वाचनपछि मतपेटिका सुरक्षित रूपमा फिर्ता ल्याउने व्यवस्था पनि हवाईमार्गबाटै गरिने जनाइएको छ । दुर्गम र भौगोलिक रूपमा विकट यी क्षेत्रमा राज्यले विशेष प्राथमिकता दिँदै निर्वाचन तयारीलाई तीव्र बनाएको छ ।

ठाँटीकाँध गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लकान्द्र, दैलेख
कर्णाली प्रदेश नेपाल

फोहोर व्यवस्थापनमा पालिकाबासीको भूमिका

- बजार जाँदा कपडाको झोला लिएर जाऔँ,
- प्लास्टिक झोला प्रयोग नगरौं ।
- सकेसम्म कम प्याकेजिङ्ग भएका वस्तुहरूको प्रयोग नगरी कुहिने र नकुहिने फोहोरलाई छुट्टाछुट्टै भाडामा जम्मा गरौं ।
- घरमा जम्मा भएका कुहिने फोहोरलाई घरमै कम्पोष्ट बनाऔं ।
- प्लास्टिक, कागज, धातु ,सिसा, जस्ता नकुहिने फोहोरलाई बेचेर आम्दानी बढाऔं ।
- फोहोरलाई जथाभावी नफाली जम्मा गरेर राखेको फोहोर संकलन गर्ने संस्थालाई दिऔं ।

संस्थागत भूमिका

- आफ्नो कार्यालय, पसल, विद्यालय वा संस्थामा प्रयोग हुने कागज तथा प्लाष्टिकलाई संकलन गरी कवाडलाई बेच्ने बानी बसालौं र कुहिने फोहोरलाई कम्पोष्ट बनाऔं ।
- सामानलाई पुनः प्रयोग गर्ने बानी बसालौं, यसले फोहोर घटाउन मद्दत गर्दछ ।

समुदायको भूमिका

- आफ्नो सामुदायलाई पुनः प्रयोग योग्य वस्तु तु संकलन गर्ने प्रणाली शुरु गरौं ।
- जथाभावी फोहोर नफाली र फोहोर व्यवस्थापन गर्न समुदायलाई प्रोत्साहन गरौं ।
- आफ्नो सामुदाय वा छिमेकका विद्यालयहरुलाई वातावरण क्लब गठन गरी फोहोर व्यवस्थापन सम्बन्धी कार्यक्रम गर्न प्रोत्साहन गरौं ।
- पालिकाद्वारा पाक्षीक रूपमा आयोजना गरिने पालिका सरसफाई र हरियाली प्रवर्धन कार्यक्रममा सहभागी बनौं ।
- प्रत्येक टोल विकास संस्थाले साप्ताहिक रूपमा सरसफाई कार्यक्रम आयोजना गरी सबैलाई सहभागी बनाऔं ।

वीरेन्द्रनगर नगपालिका
नगर कार्यपालिकाको कार्यालय
वीरेन्द्रनगर, सुर्खेत
कर्णाली प्रदेश नेपाल

फोहोर व्यवस्थापनमा पालिकाबासीको भूमिका

- बजार जाँदा कपडाको झोला लिएर जाऔँ,
- प्लास्टिक झोला प्रयोग नगरौं ।
- सकेसम्म कम प्याकेजिङ्ग भएका वस्तुहरूको प्रयोग नगरी कुहिने र नकुहिने फोहोरलाई छुट्टाछुट्टै भाडामा जम्मा गरौं ।
- घरमा जम्मा भएका कुहिने फोहोरलाई घरमै कम्पोष्ट बनाऔं ।
- प्लास्टिक, कागज, धातु ,सिसा, जस्ता नकुहिने फोहोरलाई बेचेर आम्दानी बढाऔं ।
- फोहोरलाई जथाभावी नफाली जम्मा गरेर राखेको फोहोर संकलन गर्ने संस्थालाई दिऔं ।

संस्थागत भूमिका

- आफ्नो कार्यालय, पसल, विद्यालय वा संस्थामा प्रयोग हुने कागज तथा प्लाष्टिकलाई संकलन गरी कवाडलाई बेच्ने बानी बसालौं र कुहिने फोहोरलाई कम्पोष्ट बनाऔं ।
- सामानलाई पुनः प्रयोग गर्ने बानी बसालौं, यसले फोहोर घटाउन मद्दत गर्दछ ।

समुदायको भूमिका

- आफ्नो सामुदायलाई पुनः प्रयोग योग्य वस्तु तु संकलन गर्ने प्रणाली शुरु गरौं ।
- जथाभावी फोहोर नफाली र फोहोर व्यवस्थापन गर्न समुदायलाई प्रोत्साहन गरौं ।
- आफ्नो सामुदाय वा छिमेकका विद्यालयहरुलाई वातावरण क्लब गठन गरी फोहोर व्यवस्थापन सम्बन्धी कार्यक्रम गर्न प्रोत्साहन गरौं ।
- पालिकाद्वारा पाक्षीक रूपमा आयोजना गरिने पालिका सरसफाई र हरियाली प्रवर्धन कार्यक्रममा सहभागी बनौं ।
- प्रत्येक टोल विकास संस्थाले साप्ताहिक रूपमा सरसफाई कार्यक्रम आयोजना गरी सबैलाई सहभागी बनाऔं ।

जनहितमा जारी सन्देश !

"रासायनिक विषादीका नकारात्मक असरहरूबारे सचेत रहौं,
मानव स्वास्थ्य र वातावरणलाई बचाऔं

१. रासायनिक विषादीको प्रयोगबाट मानव स्वास्थ्यमा तत्कालिन र दीर्घकालीन असर देखा पर्ने हुन्छ ।

मानव स्वास्थ्यमा तत्काल देखीन सक्ने असरहरू

टाउको दुख्नु, रिगंटा लाग्नु, वाकवाकी लाग्नु, छाती दुख्नु, पेट बटारिनु, पखाला लाग्नु, अनिद्रा, छाला फुट्नु वा चिलाउनु, फोका आउनु, आँखा रातो हुनु वा पोल्नु, आँसु बहनु, सिगान बगिरहनु, शरीर झमझमाउनु वा पोल्नु आदि ।

मानव स्वास्थ्यमा देखिने दीर्घकालीन असरहरू

एलर्जी, पक्षघात, प्रजनन् क्षमतामा कमी, बाँझोपन वा नपुंशकता, श्वास प्रश्वास सम्बन्धी दीर्घ रोगहरू, कलेजो सम्बन्धी समस्या, मानसिक असन्तुलन, वशाणुगत परिवर्तन, क्यान्सर, अस्वस्थ बच्चाको जन्म हुने आदि ।

२. **वातावरणमा देखीने नकारात्मक असरहरू**

- उपयोगी मित्रजीव तथा फाइदाजनक जीवहरूको विनाश,
- खाद्य चक्र (Food cycle) प्रणाली र कृषि पारिस्थितिकी प्रणालीमा असन्तुलन,
- माटो, हावा, पानी लगायत बोटविरूवा प्रदुषित बनाउने,
- माटोको उर्वराशक्ति र जैविक विविधताको ह्रास गराउने ।

खाद्य सुरक्षा उन्मुख अगानिक कृषिका अधारहरू तयर गरौं,
विशिष्टीकृत कृषि तथा सहकारी विकासबाट समृद्ध कर्णाली प्रदेश निर्माण गरौं,

भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय
कर्णाली पदेश
वीरेन्द्रनगर, सुर्खेत

काँक्रेविहार प्रकाशन प्रा.लि.द्वारा प्रकाशित, सम्पादक : सुशीलराज शर्मा, कार्यालयः वीरेन्द्रनगर-४, सुर्खेत, फोनः ०८३-५२२१७३/९८५८०५०५०५/९८५१३४४७५४ web : kankrebihar.com, Email : ekankrebihardaily@gmail.com मुद्रणः मिसन अफसेट प्रेस (बाँके), ग्लोबल अफसेट प्रेस (सुर्खेत)